# राष्ट्रिय सूचना आयोग

## काठमाण्डौ, नेपाल

## सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५(३) र नियमावली २०६५को नियम ३ बमोजिम प्रकाशित विवरण

## आ.व. २०७१/०७२ (२०७२ वैशाखदेखि २०७२ असार मसान्तसम्म)

१. **आयोगको स्वरुप र प्रकृति**

सूचनाको हकसम्वन्धी ऐन, २०६४ अनुसार राष्ट्रिय सूचना आयोगको स्थापना भएको हो । यो आयोगमा एक जना प्रमुख सूचना आयुक्त र दुई जना सूचना आयुक्त रहने व्यवस्था छ । नेपाल सरकारको विशिष्ट श्रेणीको अधिकृत आयोगको प्रशासकीय प्रमुख रहने व्यवस्था छ । आयोगले सार्वजनिक निकायमा रहेका सूचना नागरिकको पहुँचमा पुऱ्याउन, खुला र पारदर्शी संस्कृतिको विकास गर्ने, सार्वजनिक पदाधिकारीलाई जिम्मेवार तथा जवाफदेही बनाउने, सूचना सार्वजनिक गराउन सम्वन्धित निकायलाई आदेश दिने लगायतका काम गर्नुका साथै सार्वजनिक निकायका प्रमुख वा सूचना अधिकारीले त्यस्तो सार्वजनिक गर्नु पर्ने सूचना सार्वजनिक नगरे वा मागकर्तालाई नदिएमा उजुरी, पुनरावेदन सुन्ने तथा सजाय समेत गर्दछ । हाल आयोगको केन्द्रीय कार्यालय कोटेश्वर काठमाण्डौमा रहेको छ ।

२. **आयोगको काम, कर्तव्य र अधिकार**

२.१ आयोग समक्ष परेको पुनरावेदन, निवेदन, उजुरी सुन्ने र तत् सम्बन्धी निर्णय र आदेश दिने ।

२.२. सूचनादाताको संरक्षण गर्ने ।

२.३. सार्वजनिक निकायको प्रमुख वा सूचना अधिकारीले मनासिव कारणविना सूचना नदिएको वा दिन इन्कार गरेको, आंशिक रुपमा वा गलत सूचना दिएको वा सूचना नष्ट गरेको देखिएमा आयोगले त्यस्तो प्रमुख वा सूचना अधिकारीलाई एक हजारदेखि पच्चीस हजार रुपैयाँसम्म जरिवाना गरी त्यस्तो प्रमुख वा सूचना अधिकारी विभागीय कारवाही हुने पदमा रहेको भए निजलाई विभागीय सजायको लागि सम्बन्धित निकायमा लेखी पठाउन सक्ने ।

२.४. क्षतिपूर्तिको लागि प्राप्त निवेदन उपर वास्तविक हानि नोक्सानीलाई विचार गरी मनासिब माफिकको क्षतिपूर्ति सम्बन्धित निकायबाट भराई दिन सक्ने ।

२.५. सार्वजनिक निकायमा रहेको सार्वजनिक महत्वको सूचना सम्बन्धी अभिलेख, लिखत तथा अन्य सामग्रीको अध्ययन तथा अवलोकन गर्ने ।

२.६. त्यस्तो निकायमा रहेको अभिलेख, लिखत वा अन्य सामग्री सम्बन्धी सूचना सूचीकृत गरी मिलाई राख्न आदेश दिने ।

२.७. नागरिकको जानकारीको लागि सूचना सार्वजनिक गर्न सम्बन्धित सार्वजनिक निकायलाई आदेश दिने ।

२.८. समय किटान गरी निवेदकले माग गरेको सूचना दिन सम्बन्धित सार्वजनिक निकायलाई आदेश दिने ।

२.९. यस ऐन बमोजिमको दायित्व पालना गर्न, गराउन सम्बन्धित पक्षलाई आदेश दिने ।

२.१०. नेपाल सरकार तथा सूचना तथा संचारसँग सम्बन्धित विभिन्न निकायहरुलाई सूचनाको हकको संरक्षण र सम्बर्द्धनका लागि आवश्यक सुझाव दिने वा सिफारिस गर्ने ।

२.११. सूचनाको हकको संरक्षण, सम्बर्द्धन र प्रचलन गर्नका लागि आवश्यक पर्ने अन्य उपयुक्त आदेश दिने, आदि ।

३. **आयोगमा रहने कर्मचारी संख्या र कार्य विवरण :–**

**आयोगलाई आवश्यक पर्ने कर्मचारी नेपाल सरकारले व्यवस्था गर्दछ । हाल आयोगमा आयुक्तहरु बाहेक ३३ जना कर्मचारीहरु छन् ।**

| | | |
|---|---|---|
| ३.१ | स्वीकृत कर्मचारी दरवन्दी संख्या | ३३ जना |
| ३.२ | स्थायी कर्मचारी दरवन्दी संख्या | २० जना |
| ३.३ | करार सेवा कर्मचारी | १३ जना |
| ३.४ | जम्मा कर्मचारी संख्या | ३३ जना |

४ <u>कार्य विवरण अनुसार आयोगमा निम्न बमोजिम शाखाहरू रहेका छन् :–</u>

- **<u>पुनरावेदन शाखा</u>**
  - सार्वजनिक निकायको प्रमुखले गरेको निर्णयउपर चित्त नबुझ्ने व्यक्तिले ३५ दिनभित्र आयोगसमक्ष दिएको पुनरावेदनको कारवाही र किनारा गर्दा आयोगले सम्बन्धित प्रमुख वा सूचना अधिकारीलाई आफू समक्ष उपस्थित गराई बयान गराउने, कुनै लिखत पेश गर्न लगाउन, सो सम्बन्धमा साक्षी प्रमाण बुझ्न वा सार्वजनिक निकायबाट कुनै लिखतको नक्कल माग गर्ने ।
  - पुनरावेदनको व्यहोरा मनासिब देखिएमा समयावधि तोकी पुनरावेदकलाई विना शुल्क सूचना उपलब्ध गराउनु भनी सम्बन्धित निकायको प्रमुखको नाममा आदेश गर्ने ।
  - पुनरावेदन निरर्थक देखिएमा खारेज गर्ने ।
  - सो पुनरावेदनको सम्बन्धमा आवश्यक कारवाही गरी अन्तिम निर्णय गर्ने ।

- **<u>प्रशासन शाखा</u>**
  - कर्मचारी प्रशासन सम्बन्धी काम गर्ने सो अन्तर्गत कर्मचारीको व्यक्तिगत विवरण, विदा, सरुवा, बढुवा जस्ता कार्य गर्ने गराउने ।
  - आन्तरिक प्रशासन सम्बन्धी काम गर्ने ।
  - कार्यालय सरसफाई, विजुली पानी, टेलिफोन, मर्मत संभार लगायतका कार्य गर्ने, गराउने ।

- **<u>योजना शाखा</u>**
  - योजना तथा प्रवर्द्धन शाखा प्रमुखले लेखा शाखा समेतको राय लिई वार्षिक रुपमा संचालन गर्ने कार्यक्रमको ढाँचा तयार गर्ने ।
  - स्वीकृत वार्षिक कार्यक्रम अनुसार गर्नुपर्ने कामहरुको बजेट, कार्यक्रम र औचित्य समेत विचार गरी कार्यक्रम संचालनको लागि पेश गर्ने ।
  - निर्णय भए अनुसार कार्यक्रम संचालन गर्ने र सोही अनुसार कार्यक्रम संचालन गर्ने ।
  - सूचनाको हकको लागि प्रवर्द्धनात्मक कार्यहरु गर्ने ।

- **<u>फैसला कार्यान्वयन तथा अनुगमन मूल्याङ्कन शाखा</u>**
  - सूचनाको हक कार्यान्वयन सम्बन्धमा भए गरेका अनुगमन मूल्यांकन तथा कार्यक्रमहरुको अभिलेख राखी वार्षिक प्रतिवेदन तयारको समेत कार्य गर्ने ।

- **<u>संगठन अध्ययन तथा OGD शाखा</u>**
  - विभिन्न सार्वजनिक निकायहरुको सूचना सम्प्रेषण सम्बन्धमा अनुगमन गर्ने
  - सूचना अधिकार सम्बन्धमा वैदेशिक सहायताको लागि अवधारणा बनाउने
  - आयोगको संगठन तालिकाको गृहकार्य गर्ने

- **<u>लेखा शाखा</u>**
  - बजेट अनुमान तयार गर्ने ।
  - कोष तथा लेखा नियन्त्रक कार्यालयसंग समन्वय गरी निकासा प्राप्त गर्ने ।
  - कर्मचारीहरुको तलब, भत्ता लगायत निर्णय अनुसार भएको कार्यक्रमको भुक्तानी समेत दिने ।

- **<u>स्टोर शाखा</u>**
  - आयोगको जिन्सी सामग्रीको अभिलेख राख्ने ।
  - टुटेफुटेको सामाग्रीको लगत तयार गरी खर्च मिनाहा तथा लिलाममा पठाउनु पर्ने भए सो को विवरण तयार गरी पेश गर्ने ।

राष्ट्रिय सूचना आयोग
२०६५

## ५. आयोगबाट प्रदान गरिने सेवा :–

५.१ सार्वजनिक निकायबाट सूचना नपाएको, गलत वा अधुरो सूचना पाएको सम्बन्धमा पुनरावेदन उपर आवश्यक छानविन, आदेश, पत्राचार एवं अनुगमन गर्ने

५.२ योजना प्रवर्द्धन तथा अनुगमन गर्ने

५.३ सूचनाको हकसम्बन्धी ऐन, २०६४ को सम्बन्धमा

- अर्न्तक्रिया गर्ने ।
- प्रशिक्षक प्रशिक्षण सञ्चालन गर्ने ।
- छलफल/गोष्ठी सञ्चालन गर्ने ।
- उच्च मा.वि./क्याम्पसका विद्यार्थीहरुसंग छलफल गर्ने/आदि ।

## ६. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी, सम्बन्धित शाखा प्रमुख

### ६.१ पुनरावेदन शाखा

- शाखा प्रमुख उप सचिव श्री बाबुराजा श्रेष्ठ
- शाखा अधिकृत श्री रमेश लामिछाने
- कानुन अधिकृत श्री वालकृष्ण निरौला
- नायव सुब्बा श्री विष्णु प्रसाद अर्याल

### ६.२ प्रशासन शाखा

- शाखा प्रमुख उप सचिव श्री गौलोचन सैंजू
- शाखा अधिकृत श्री हरिप्रसाद भट्टराई
- नायव सुब्बा श्री मोहन बहादुर बुढाथोकी

### ६.३ योजना तथा प्रवर्द्धन शाखा

- शाखा प्रमुख उप सचिव श्री बेदनिधि अधिकारी
- शाखा अधिकृत श्री लालबहादुर बस्नेत

### ६.४ फैसला कार्यन्वयन तथा अनुगमन

- शाखा प्रमुख उपसचिब श्री धीरकुमार श्रेष्ठ
- शाखा अधिकृत श्री पिताम्बर पाण्डे

### ६.५ संगठन अध्ययन तथा OGD शाखा

- शाखा प्रमुख उपसचिब श्री दिनेशसागर भुसाल

### ६.६ लेखा शाखा

- लेखा अधिकृत श्री शर्मिला थपलिया

## ७. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि नियमानुसार

सूचना १० पेज सम्मको निःशुल्क सो भन्दा माथि भएमा प्रति पेज रु ५।– दस्तुर लाग्ने, सूचनाको प्रकृति हेरी बढीमा १५ दिन सम्मको अवधि लाग्ने ।

## ८. निवेदन, उजुरी उपर निर्णय गर्ने प्रक्रिया र अधिकारी

राष्ट्रिय सूचना आयोगका सचिव श्री लक्ष्मण प्रसाद मैनाली ।

राष्ट्रिय सूचना आयोग
२०६५

९. **निर्णय उपर उजुरी सुन्ने अधिकारी,**

प्रशासकीय निर्णय उपर सचिव श्री लक्ष्मण प्रसाद मैनाली ।

१०. **सम्पादन गरेको कामको विवरण (२०७२ बैशाख-असार)**

**आयोगको नियमित कार्यक्रम तर्फ**

**१०.१ विद्यालय/क्याम्पस स्तरीय अन्तरक्रिया/छलफल कार्यक्रम**

| सि.नं. | जिल्ला | विद्यालयको नाम | विद्यार्थी संख्या |
|---|---|---|---|
| १. | सुनसरी | श्री जनता क्याम्पस, इटहरी | १६७ |

**१०.२ अनुगमन तर्फ :**

| सि.नं. | जिल्ला | निकायको सख्या |
|---|---|---|
| १. | वैतडी | २४ |
| २. | डडेल्धुरा | १५ |

**१०.३ अभिमुखीकरण कार्यक्रम तर्फ**

| सि.नं. | जिल्ला | मिति | सहभागी संख्या |
|---|---|---|---|
| १. | महोत्तरी | २०७२/०२/२३ | ८३ |
| २. | धनुषा | २०७२/०२/२१-२२ | ९३ |
| ३. | डडेल्धुरा | २०७२/०२/२७-२८ | ९६ |
| ४. | बैतडी | २०७२/०२/२६ | ७० |
| ५. | सुनसरी | २०७२/०२/२१ | १०३ |

**१०.४ अन्तर्क्रिया कार्यक्रम तर्फ**

| सि.नं. | जिल्ला | मिति | सहभागी संख्या |
|---|---|---|---|
| १. | धनकुटा | २०७२/०२/२५ | ६३ |

**१०.५ सूचना परियोजना तर्फ**

- सूचना : नेपालमा सूचनाको हकको कार्यान्वयनका लागि राष्ट्रिय क्षमता अभिवृद्धि कार्यक्रम प्रारम्भ : २०७१ श्रावण १ देखि २०७२ आषाढ मसान्तसम्म
- परियोजनाको लागि श्रोत व्यवस्थापन

| | |
|---|---|
| नेपाल सरकार (GoN) | रु. १५,६६,०००।- |
| गभनेन्स् फ्यासिलिटी (GF) | रु. ३,२४,९१,५७५।- |
| कुल सहायता रकम | रु. ३,४०,५७,५७५।- |
| यस त्रैमासिकमा भएको खर्च | रु. ५३,२१,८१५।- |
| यस आ.ब.मा भएको कुल खर्च | रु.१,१५,७२,२८९।- |

**यस अवधिमा परियोजनाबाट भएका मुख्य मुख्य कामहरु :**

- Human Resources Development Plan,Communication and outreach Strategy & Code of conduct तयार
- सार्वजनिक निकायका लागि स्वतः प्रकाशन कार्यविधि तयार
- विभिन्न जिल्लामा MIS तालिम सम्पन्न
- सूचना मागकर्ता,कार्यालय प्रमुख र सूचना अधिकारीका लागि सूचनाको हक सम्बन्धी विभिन्न जिल्लामा अन्तर्क्रिया तथा अभीमुखीकरण कार्यक्रम सम्पन्न
- Record Digitalization सम्बन्धमा राष्ट्रिय सूचना प्रविधि केन्द्रसँग सम्झौता
- सूचनाको हक सम्बन्धी रेडियो तथा टिभी मार्फत सन्देश प्रसारण
- राष्ट्रिय सूचना आयोगको ५ बर्षको बार्षिक प्रतिवेदन अंग्रेजीमा रुपान्तरण
- परियोजनाको संक्षिप्त परिचय (brochure) तयार गरिएको
- सूचनाको हकसम्बन्धी लेखहरु संकलन ।

नोटिस वोर्ड सेवा स्थापना गरेको देहायको नम्बरमा फोन गरी १६१८–०१-४६०१२१२ आयोगबाट भईरहेको कामकारवाहीको सूचना प्राप्त गर्न सकिने ।

सूचना आयोग २०६५

**विभिन्न कार्यक्रम सञ्चालन गरेको**

नागरिक जागरण कार्यक्रम, जिल्लागत अन्तरक्रिया कार्यक्रम, पत्रपत्रिका वेवसाईट नेटवर्किङ विकास/मर्मत, कर्मचारी दक्षता अभिबृद्धि कार्यक्रम, सूचनाको हक सम्बन्धमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिष्ठित व्यक्तिहरुसंग अन्तरक्रिया तथा छलफल कार्यक्रम र जनचेतना कार्यक्रम अनुगमन तथा मूल्यांकन कार्यक्रम ।

**११. सूचना अधिकारी र प्रमुखको नाम र पद,**

१. प्रमुख सूचना अधिकारी सचिव श्री लक्ष्मण प्रसाद मैनाली

२. सूचना अधिकारी श्री गौलोचन सैंजू, उप सचिव

**१२. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची,**

- सूचनाको हकसम्बन्धी ऐन, २०६४
- सूचनाको हकसम्बन्धी नियमावली, २०६५,
- आयोगको बैठक व्यवस्था सम्बन्धी कार्यविधि, २०७२
- निवेदनको कारवाही किनारा गर्ने सम्बन्धी कार्यविधि, २०६७
- उजुरी कारवाही किनारा गर्ने सम्बन्धी कार्यविधि, २०६७
- सूचनाको हकसम्बन्धी ऐन कार्यान्वयन र अनुगमन सम्बन्धी कार्यविधि, २०७१
- सरकारी निकायले स्वतः प्रकाशन गर्नु पर्ने विवरण सम्बन्धी निर्देशिका,२०७१
- राष्ट्रिय सूचना आयोगका कर्मचारीहरुको आचारसंहिता,२०७१

**१३. आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण**

| | | |
|---|---|---|
| १. | बार्षिक स्वीकृत बजेट | रु २,३४,६४,०३२।– |
| २. | स्वीकृत बजेट मध्ये कार्यक्रम खर्च | रु ४५,१०,०००।– |
| ३. | अनुगमन मुल्याँकन | रु ९,३०,०००।– |

आ.व. २०७१/०७२ मा आयोगको कुल बजेट रु २,३४,६४,०३२।– रहेकोमा चालु खर्च रु २,२२,८५,०३२।– र पूँजीगत खर्च रु ११,७९,०००।– रहेको छ । चालु बजेट तर्फ कार्यक्रम खर्चमा रु ४५,१०,०००।– र अनुगमन मुल्याँकन खर्चमा रु ५,८०,०००।– रहेको छ । चौथो त्रैमासिक सम्ममा चालु खर्च तर्फ कार्यक्रममा रु ३१,१४,०२१।– र अनुगमन मुल्याँकनमा रु ४,४१,६६३।– मात्र खर्च भएको छ । र पूँजीगत खर्च रु ११,५७,४२२।–

यस त्रैमासिकमा जम्मा रु ७१३१९९२।– खर्च भएको छ । उक्त अवधिमा विनियोजन बजेटको चालु खर्च तर्फ रु ६५७४८०९।– र पूँजीगत खर्च तर्फ रु ५५७१८३।-खर्च भएको छ ।

राष्ट्रिय सूचना आयोग
२०६४

आ.व.२०७१।०७२ को अन्तिम त्रैमासिक (बैशाख,जेठ,असार) सम्मको निकाशा तथा खर्चको विवरण

**३५८०१५३ चालु खर्च**

| बैशाख,जेठ,असार महिनाको निकासा | खर्च संकेत नम्बर | खर्च / वित्तीय शीर्षक | अन्तिम वजेट | बैशाख,जेठ,असार महिनाको खर्च | श्रावण देखी असार सम्मको खर्च | बांकी वजेट |
|---|---|---|---|---|---|---|
| ११८३२४५।०० | २१११ | तलव | ६५७४०००।०० | ११८३२४५।०० | ४६७५६१९।०० | १८९८३८१।०० |
| ४००००।०० | २१११३ | महंगि भता | १६४०३२।०० | ४००००।०० | १५१०३२।०० | १३०००।०० |
| ६९५००।०० | २१११९ | अन्य भत्ता | २७८०००।०० | ६९५००।०० | २७५५७५।०० | २४२५।०० |
| ०।०० | २११२१ | पोशाक | ९००००।०० | ०।०० | ९००००।०० | ०।०० |
| ०।०० | २११२३ | औषधि उपचार | १२१०००।०० | ०।०० | ०।०० | १२१०००।०० |
| १३०८९७।०० | २२१११ | पानी तथा विजुली | २५३०००।०० | १३०८९७।०० | २४३३४५।०० | ९६५५।०० |
| ६९२७१।०० | २२११२ | संचार महसुल | ३०२०००।०० | ६९२७१।०० | २१८६८७।०० | ८३३१३।०० |
| ५९८८९०।०० | २२१२१ | घर भाडा | २२६९०००।०० | ५९८८९०।०० | १९८४८९०।०० | २८४११०।०० |
| १८९३१४।०० | २२२११ | इन्धन | ९८८०००।०० | १८९३१४।०० | ७२७९१४।०० | २६००८६।०० |
| २०९०४२।०० | २२२१२ | संचालन तथा मर्मत | ४३८०००।०० | २०९०४२।०० | ४३८०००।०० | ०।०० |
| २६५७५।०० | २२२१३ | विमा | ६००००।०० | २६५७५।०० | ३५७३२।०० | २४२६८।०० |
| ३९९११८।०० | २२३११ | कार्यालय सं. खर्च | १५९५०००।०० | ३९९११८।०० | १५९२९५१।०० | २०४९।०० |
| १३१८९।०० | २२३१३ | पुस्तक तथा सामाग्री | ३५०००।०० | १३१८९।०० | ३०३२६।०० | ४६७४।०० |
| ११४९२२।०० | २२३१४ | इन्धन अन्य प्रयोजन | १८१०००।०० | ११४९२२।०० | १७८४७२।०० | २५२८।०० |
| ८३१५८८।०० | २२४११ | सेवा र परामर्श | २३३००००।०० | ८३१५८८।०० | २१६८६०३।०० | १६१३९७।०० |
| १५०९९६६।०० | २२५२२ | कार्यक्रम खर्च | ४५१००००।०० | १५०९९६६।०० | ३११४०२१।०० | १३९५९७९।०० |
| २३३१९८।०० | २२६११ | अनुगमन मूल्यांकन | ५८००००।०० | २३३१९८।०० | ४४१६६३।०० | १३८३३७।०० |
| ८२९१५६।०० | २२६१२ | भ्रमण खर्च | ११७५०००।०० | ८२९१५६।०० | ८९२०१२।०० | २८२९८८।०० |
| १२६९३८।०० | २२७११ | विविध खर्च | ३४२०००।०० | १२६९३८।०० | ३४१२६२।०० | ७३८।०० |

| | | | | | |
|---|---|---|---|---|---|
| ६५७४८०९।०० | | जम्मा २२२८५०३२।०० | ६५७४८०९।०० | १७६००१०४।०० | ४६८४९२८।०० |

३५८०१५४ पुजिगत खर्च

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १९८९३०।०० | २९३११ | फर्निचर तथा फिक्चर्स | ४४०००।०० | १९८९३०।०० | ४३८६२४।०० | १३७६।०० |
| १६५९००।०० | २९४११ | सवारी साधन | ३७४०००।०० | १६५९००।०० | ३५३८००।०० | २०२००।०० |
| १९२३५३।०० | २९५११ | मेशिनरी औजार | ३६५०००।०० | १९२३५३।०० | ३६४९९८।०० | २।०० |
| ५५७१८३।०० | | जम्मा | ११७९०००।०० | ५५७१८३।०० | ११५७४२२।०० | २१५७८।०० |
| ७१३१९९२।०० | | कुल जम्मा | २३४६४०३२।०० | ७१३१९९२।०० | १८७५७५२६।०० | ४७०६५०६।०० |

## १४. तोकिए बमोजिमका अन्य विवरण :–

| | |
|---|---|
| आ.व. २०७१/०७२ ( वैसाख, जेठ र असार) मा उजुरी,निवेदन र पुनरावेदनको जम्मा संख्या | ९३ वटा |
| प्रारम्भिक आदेश भएका फाईलहरू | ८० वटा |
| प्रारम्भिक आदेश हुन बाँकी फाईलहरू | १३ वटा |
| फछ्यौंट प्रतिशत | ८६.०२ % |

## १५. अघिल्लो आ.व.मा संचालित कार्यक्रमहरू:-

### आ.व.२०७०।७१ मा आयोगवाट सम्पादित प्रवर्द्धनात्मक कार्यक्रमबाट प्राप्त उपलब्धिको एक झलक :

अन्तरक्रिया: १८ जिल्लामा

| सि.न. | जिल्ला | मिति | सहभागी संख्या |
|---|---|---|---|
| १ | रसुवा | २०७०।७।१३ | ५३ |
| २ | सोलुखुम्वु | २०७०।११।४ | २७ |
| ३ | काभ्रेपलाञ्चोक | २०७०।११।१२ | ५७ |
| ४ | महोत्तरी | २०७०।११।२१ | ४० |
| ५ | धादिङ्ग | २०७०।११।२१ | ३५ |
| ६ | अर्घाखाँची | २०७०।११।२२ | ६५ |
| ७ | भक्तपुर | २०७०।११।२८ | ६० |
| ८ | सल्यान | २०७०।१२।१३ | ४० |
| ९ | दैलेख | २०७०।१२।१३ | ३२ |
| १० | दाङ्ग | २०७०।१२।१४ | ६३ |
| ११ | सुर्खेत | २०७०।१२।१४ | ६२ |
| १२ | रौतहट | २०७०।१२।२४ | ६२ |
| १३ | वारा | २०७०।१२।२६ | ४६ |
| १४ | मकवानपुर | २०७०।१२।२७ | ५५ |
| १५ | मोरङ्ग | २०७१।१।१३ | ७४ |
| १६ | पाल्पा | २०७१।१।२९ | ४८ |
| १७ | रुपन्देही | २०७१।१।३० | ६९ |
| १८ | नवलपरासी | २०७१।२।२३ | ४१ |
| | जम्मा | | ९२९ |

अभिमुखीकरण: ८ जिल्लामा

| सि.न. | जिल्ला | मिति | सहभागी संख्या |
|---|---|---|---|
| १ | सर्लाही | २०७०।७।१५ | ५४ |

राष्ट्रिय सूचना आयोग २०६५

| | | | |
|---|---|---|---|
| २ | ओखलढुङ्गा | २०७०।११।२ | २७ |
| ३ | कपिलवस्तु | २०७०।११।२० | ६७ |
| ४ | धनुषा | २०७०।११।२२ | ४१ |
| ५ | नुवाकोट | २०७०।११।२२ | ४६ |
| ६ | लमजुङ्ग | २०७०।११।२३ | ४५ |
| ७ | मोरङ्ग | २०७१।१।१२ | ७० |
| ८ | बर्दिया | २०७१।३।२० | ४८ |
| | **जम्मा** | | ३९८ |

**प्रशिक्षक प्रशिक्षण कार्यकम : ३ वटा**

| सि.न. | कार्यकम, | जिल्ला | मिति | सहभागी संख्या |
|---|---|---|---|---|
| १ | सार्वजनिक निकायका तालिम प्रदायक संस्थाका वरिष्ठ प्रशिक्षक र प्रशिक्षकहरुका लागि तालिम कार्यकम , | काठमाडौं | २०७१।२।२९ र ३० गते | २६ |
| २ | विभागस्तरीय निकायका सूचना अधिकारीहरुको लागि प्रशिक्षण कार्यकम | काठमाडौ. | २०७१।३।१० र ११ गते | २८ |
| ३ | वैक तथा वित्तिय संस्थाका सूचना अधिकारी, नेपाल वार एशोसिएसन,नेपाल पत्रकार महासघ, अस्पतालका सूचना अधिकारीहरुका लागि एड्भान्स प्रशिक्षक प्रशिक्षण कार्यकम | काठमाडौं | २०७१।३।१८ र १९ गते | ३६ |
| | | | जम्मा | ९० |

**विद्यालयस्तरीय कार्यकमः १० वटा**

| सि.न. | विद्यालय | जिल्ला | मिति | सहभागी |
|---|---|---|---|---|
| १ | श्री सारताप उ.मा.वि. | पाँचथर | २०७०।६।११ | २०० |
| २ | श्री सिद्धार्थ उ.मा.वि. | स्याङ्गजा | २०७०।७।५ | २०५ |
| ३ | श्री जनजागृति उ.मा.वि. | सोलुखुम्वु | २०७०।११।५ | ७६ |
| ४ | श्री सञ्जिवनी उ.मा.वि.धुलिखेल | काभ्रेपलाञ्चोक | २०७०।११।१३ | २०८ |
| ५ | श्री कोटेश्वर वहुमुखी क्याम्पस | काठमाडौं | २०७०।११।३० | ११० |
| ६ | श्री नयाँगाउ उ.मा.वि. | रुपन्देही | २०७०।११।२१ | २१५ |
| ७ | श्री एपेक्स उ.मा.वि. | रुपन्देही | २०७१।१।३० | ९३ |
| ८ | श्री मन्थली उ.मा.वि | रामेछाप | २०७१।२।२७ | २१२ |
| ९ | श्री वालकल्याण उ.मा.वि. | रोल्पा | २०७१।३।९ | १७० |
| १० | श्री प्रकाश उ.मा.वि. | म्याग्दी | २०७१।३।१० | १५८ |
| | **जम्मा** | | | १६४७ |

**अनुगमन : ४० जिल्लाका ७४३ सार्वजनिक निकाय**

| सि.न. | जिल्ला | निकाय | सि.न. | जिल्ला | निकाय | सि.न. | जिल्ला | निकाय |
|---|---|---|---|---|---|---|---|---|
| १ | मोरङ्ग | ४४ | १३ | धादिङ्ग | २४ | २५ | रौतहट | १३ |
| २ | रामेछाप | २४ | १४ | गुल्मी | १२ | २६ | ओखलढुङ्गा | १९ |
| ३ | सुर्खेत | २६ | १५ | सर्लाही | २७ | २७ | नुवाकोट | २२ |
| ४ | संखुवासभा | ८ | १६ | रसुवा | ४ | २८ | लम्जुङ्ग | ३५ |
| ५ | कास्की | ७ | १७ | पाँचथर | १३ | २९ | धनुषा | २२ |
| ६ | बाँके | १६ | १८ | दैलेख | १५ | ३० | वर्दिया | १९ |
| ७ | महोत्तरी | १८ | १९ | प्युठान | २० | ३१ | दोलखा | ५ |
| ८ | सिन्धुली | २२ | २० | रोल्पा | २५ | ३२ | झापा | १९ |
| ९ | सिन्धुपाल्चोक | १५ | २१ | मकवानपुर | ८ | ३३ | इलाम | १२ |
| १० | वारा | २२ | २२ | वाग्लुङ्ग | १९ | ३४ | पाल्पा | २५ |
| ११ | सोलुखुम्वु | २० | २३ | म्याग्दी | १६ | ३५ | तनहुँ | १४ |
| १२ | काभ्रेपलाञ्चोक | २६ | २४ | रुपन्देही | १८ | ३६ | दाङ्ग | २१ |

| सि.न. | जिल्ला | निकाय | सि.न. | जिल्ला | निकाय |
|---|---|---|---|---|---|
| ३७ | सल्यान | १९ | ४० | नवलपरासी | १२ |
| ३८ | कपिलवस्तु | १७ | | जम्मा | ७४३ |
| ३९ | अर्घाखाँची | २० | | | |

१६. **सार्वजनिक निकायको वेबसाइट :**

यस राष्ट्रिय सूचना आयोगको वेबसाइट **www.nic.gov.np** रहेको छ ।

१७. **सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एव्म सम्झौता सम्बन्धी विवरण:**

मिति २०७१।३।३१ गते आयोग र Governance Facility Nepal बीच पञ्चवर्षीय रणनीतिक कार्य योजना २०१३- २०१८ अन्तर्गत दोश्रो वर्षका लागि आ.व. २०७१/७२ (July 17th 2014 – July 16th 2015) को निमित्त DANIDA/SDC/DFID लगायतको संलग्नतामा प्रारम्भ भएको GF (Governance Facility) Nepal परियोजनाले रु. ३,२४,९१,५७५।- .को अनुदान सहयोग गर्ने सम्झौता पत्रमा राष्ट्रिय सूचना आयोगको तर्फबाट तत्कालिन सह सचिव श्री शान्तिराम शर्माले र GF Nepal को तर्फबाट Head of Programme Mr. Niels Hjortdal ले हस्ताक्षर गर्नु भएको थियो । यस परियोजनाको उद्देश्य अनुसार सूचनाको हक सम्बन्धी कानूनी व्यवस्थालाई कार्यान्वयन गर्न आयोगलाई अझ सबलीकरण गर्दै सार्वजनिक निकायहरूलाई आफूसँग भएका सूचनाहरूलाई व्यवस्थित गर्ने एवं स्वर्स्फूत ढंगबाट सार्वजनिक गर्ने तथा ती निकायहरूमा नागरिकबाट हुने सूचनाको मागलाई सकारात्मक ढंगबाट सम्बोधन गर्ने परिपाटी बसाल्न छानिएका केही मन्त्रालयहरू र ती अन्तर्गतका स्थानीय निकायहरुको दक्षतालाई सुदृढ गर्दै सूचना प्रवाह र पहुँचलाई सरल र सहज रूपमा लैजाने कार्यक्रम रहेको छ ।

१८. **सार्वजनिक निकायले संचालन गरेको कार्यक्रम र सोको प्रतिवेदन:**

अनुगमनतर्फ: २ जिल्लाका ३९ सार्वजनिक निकाय

विद्यालय कार्यक्रम: १ जिल्लाका १ क्याम्पसमा १६७ विद्यार्थीहरुलाई प्रशिक्षण

अभिमुखीकरण कार्यक्रम: ५ जिल्लाका ४४४ सहभागीहरुलाई अभिमुखीकरण

अन्तर्क्रिया कार्यक्रम: १ जिल्लाका ६३ सहभागीहरुवीच अन्तर्क्रिया

१९. **सार्वजनिक निकायले वर्गिकरण तथा संरक्षण गरेको सूचनाको नामावली:** सबै सूचना खुल्ला रहेको ।

२०. **सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सूचना दिइएको विषय:** १ वटा ।


२१. **सार्वजनिक निकायका सूचनाहरू अन्यत्र प्रकाशन भएका वा हुने भए सोको विवरण:** सूचनाको हकसम्बन्धी ऐन, नियम र कार्यविधिको संगालो र बुलेटिन प्रकाशित भएको ।

**प्रस्तुत विवरण आयोगका बेवसाईट www.nic.gov.np मा हेर्न सकिने छ ।**

फोन नं ०१४६०२९२०/०१४६०२७४७,
हेल्पलाइन: ०१४६००७६८
फ्याक्स : ०१४६०१२१२
इमेल : info@nic.gov.np
वेबसाईट : www.nic.gov.np

राष्ट्रिय सूचना आयोग
कोटेश्वर,पेरीसडाँडा,
काठमाडौं ।

# राष्ट्रिय सूचना आयोग
## संगठन तालिका




**कूल दरवन्दी तेरिज**

| | |
|---|---|
| सचिव (रा.प.,विशिष्ट) | १ |
| सहसचिव (रा.प.,प्रथम, प्रशासन) | १ |
| उप सचिव (रा.प.,द्वितिय, प्रशासन, सा.प्र.) | ५ |
| शाखा अधिकृत (रा.प.,तृतीय, प्रशासन, सा.प्र.) | ८ |
| लेखा अधिकृत (रा.प.,तृतीय, प्रशासन, लेखा) | १ |
| कानून अधिकृत (रा.प.,तृतीय, न्याय, कानून.) | १ |
| ना.सु. (रा.प.अनं,प्रथम, प्रशासन, सा.प्र.) | ३ |
| **जम्मा** | २० |
| करार सेवा | १३ |
| **कूल जम्मा** | ३३ |

करार सेवा :– कम्प्युटर अपरेटर –३, हलुका सवारी चालक –५, कार्यालय सहयोगी –२, पाले –२ र कुचिकार –१ सेवा करारमा कार्यरत ।